नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको समुपस्थितिमा मिति २०८० फागुन १७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धी समीक्षा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्ण बहादुर खड्काज्यू, माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री नारायणकाजी श्रेष्ठज्यू, माननीय मन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू एवम् नेपाल सरकारका सचिवज्यूहरू लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमको सुरुवातमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा.गणेशप्रसाद पाण्डेयज्यूले चालु आर्थिक वर्षको हालसम्मको आर्थिक परिदृष्य तथा परिसूचकहरू, बजेट कार्यान्वयनको अवस्था, नेपाल सरकारका मन्त्रालय एवम् निकायहरूका लागि तोकिएका माइलस्टोनहरूको प्रगति लगायतका विवरण समेटी संक्षिप्त प्रस्तुति गर्नुभएको थियो। तत् पश्चात् माननीय उपप्रधानमन्त्रीज्यू तथा मन्त्रीज्यूहरूले मन्त्रालयगत लक्ष्य, माइलस्टोन, बजेट कार्यान्वयनको विद्यमान अवस्था र चुनौतिहरू एवम् बजेट खर्चको प्रभावकारिताका लागि अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुहुँदै अहिलेको सबैभन्दा ठूलो चुनौती समयमै निर्णय नगर्ने, निर्णय पन्छाउने र अन्तरनिकाय समन्वयमा आवश्यक पहल नलिने प्रवृत्ति भएकोले प्रचलित ऐन, नियमको परिधिभित्र रही निर्णय गर्न कसैले हिचकिचाउनु नपर्ने र सार्वजनिक पदाधिकारीहरूले असल नियतले गरेको निर्णयको बचावट गर्न तथा त्यस्ता कर्मचारीहरूको संरक्षण गर्न आफू सदैव प्रतिबद्ध रहेकोले सोही बमोजिम गतिशील र सिर्जनशील भई काम गर्नुपर्ने बताउनुभयो। उहाँले चालु आर्थिक वर्षको हालसम्मको अवधिमा कतिपय

उल्लेख्य काम भएको भएतापनि निर्धारित लक्ष्यअनुसार कार्यप्रगति नहुँदा कार्यसम्पादनको स्थितिबाट सन्तोष लिने अवस्था नरहेको समेत बताउनुभयो। पूँजीगत खर्चको वृद्धि एवम् विकास आयोजना र कार्यक्रमहरूको व्यवधानरहित सञ्चालनका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयहरूले संयुक्तरूपमा थप प्रयास गर्नुपर्ने आवश्यक रहेको समेत बताउँदै आफू मातहतका आयोजनाको प्रभावकारी कार्यान्वयनमा पूर्णरूपमा उत्तरदायित्व बहन गरी नतिजा हासिल हुने गरी कार्यसम्पादन गर्न, तोकिएका लक्ष्य हासिल नहुनुका पछाडिका कारण र समस्यालाई पहिचान गरी तत्काल सुधार कार्य अघि बढाउन पनि उहाँले निर्देशन दिनुभयो।

त्यसैगरी सम्माननीय प्रधानमन्त्रीज्यूले समग्र प्रशासनिक संयन्त्रको कार्यान्वयन क्षमता बढाई अपेक्षित नतिजा निर्धारित समयमै हासिल गर्न, राज्यले आम नागरिकलाई उपलब्ध गराउने सार्वजनिक सेवा छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी रूपले प्रवाह हुने व्यवस्था मिलाउन, आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गर्दा आयोजना बैङ्कमा समावेश भएका आयोजनाहरूका लागि मात्रै रकम विनियोजन गर्न, तीन तहका सरकारबीचको समन्वय, पारस्परिक सहयोग र अन्तरसम्बन्धलाई व्यवस्थित गर्ने कार्यविस्तृतीकरणको परिमार्जन कार्यलाई यथाशीघ्र पूरा गर्न तथा आयोजना सहजीकरण समितिमार्फत राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा देखिएका समस्या समाधानतर्फ पहल गर्न निर्देशन दिनुभयो।

२०८० फागुन १७ गते बिहीबार।

नारायण प्रसाद भट्ट
प्रवक्ता